# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : २ मिति: २०७७/०६/१२


## भाग- २

# टीकापुर नगरपालिकाको स्थानीय सहकारी नियमावली, २०७७

राज्यले आत्मसात गरेको आर्थिक विकासको तिन खम्बे अर्थनिति अनुसार सहकारी क्षेत्रलाई एउटा महत्वपूर्ण खम्बाको रुपमा लिइए बमोजिम देशको सर्वागिंण विकासका लागि सहकारी क्षेत्रसंग सहकार्य गर्न स्थानिय सहकारी संघ वा संस्थाहरुलाई संरक्षण र नियन्त्रणका कामकार्यहरुलाई पारदर्शी र प्रभावकारी तुल्याउन वाञ्छनिय देखिएकोले, संघिय सहकारी ऐन, २०७४ को दफा १४९ तथा टीकापुर सहकारी ऐन २०७५ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाको मिति २०७७।०४।३० गतेको कार्यपालिका बैठकले यो "स्थानिय सहकारी नियमावली, २०७७" बनाएको छ।

## परिच्छेद– १
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यो नियमावलीको नाम "टीकापुर नगरपालिकाको स्थानिय सहकारी नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली टीकापुर नगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी प्रारम्भ हुनेछ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) "स्थानिय सहकारी ऐन" भन्नाले टीकापुर नगरपालिकाको सहकारी ऐन, २०७५ लाई सम्झनुपर्छ।

(ख) "संघिय सहकारी ऐन" भन्नाले सहकारी ऐन, २०७४ लाई सम्झनुपर्छ।

(ग) "व्यवस्थापक" भन्नाले संस्था वा संघको व्यवस्थापक, महाप्रवन्धक, कार्यकारी निर्देशक र प्रमुख कार्यकारी अधिकृत समेतलाई सम्झनुपर्छ।

(ग) "संस्थागत पुँजी" भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटा पूर्ति कोषको रकमलाई सम्झनुपर्छ,

(घ) "कर्जा" भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, व्याज, विलम्व शूल्क र हर्जाना समेतको रकमहरु सम्झनुपर्छ।

(ङ) "परियोजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, टीकापुर नगरपालिका र सरकारी तथा गैह्र सरकारी संघ वा संस्थाहरु संग निश्चित समय तोकेर वा बहुबर्षिय रुपमा सञ्चालन गर्ने योजना, आयोजना र परियोजना लगायतका विभिन्न कार्यक्रमहरु समेतलाई सम्झनु पर्छ।

(च) "पेशागत संगठन" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, टीकापुर नगरपालिकाको सरकारी कार्यालयहरु र त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा अन्य संगठित संस्था समेतलाई सम्झनु पर्छ।

(छ) "संगठित संस्था" भन्नाले नेपाल सरकार मातहत संघ, प्रदेश तथा स्थानीय तहमा संचालित सरकारी कार्यालयलाई सम्झनुपर्दछ।

(ज) "कार्यक्षेत्र" भन्नाले सहकारी संघ वा संस्थाको सदस्यता बिस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ।

## परिच्छेद– २
## संस्था गठन, दर्ता तथा संचालन

**३. सस्थाको गठनः-**

(१) संघिय सहकारी ऐनको दफा ३ को उपदफा ५ तथा स्थानिय सहकारी ऐनको दफा ३ को उप दफा ३ बमोजिम संस्था गठन गर्दा देहायका सर्त बन्देजहरु पूरा भएको हुनुपर्नेछः-

(क) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा प्रचलित कानुन बमोजिम दर्ता भएको पेशागत संगठनका सदस्यहरू मात्र सदस्य हुन सक्ने,

(ख) संस्थाको कार्यक्षेत्र बढीमा टीकापुर नगरपालिका हुनेछ ।

(ग) एउटै पेशासंग सम्बन्धित पेशागत संगठन अन्र्तगत टीकापुर नगरपालिका क्षेत्रभित्र एकभन्दा बढी पेशागत सहकारी संस्था दर्ता गरिने छैन ।

(२) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत संगठनको सहमति आवश्यक हुनेछ ।

(३) एकसय जना भन्दा कम कर्मचारी, शिक्षक वा प्राध्यापकहरु कार्यरत रहेको कार्यालयमा संस्था गठन गर्दा त्यस्तो कार्यालयमा कम्तीमा तीस जनाको दरवन्दी स्वीकृत भएको हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम विश्वविद्यालय वा शैक्षिक संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन ।

(५) यस नियम बमोजिम गठन हुने संस्थाको सदस्य एकै प्रकृतिको कुनै एकमात्र संस्थामा सदस्य हुन सक्ने छ ।

(६) यस नियम बमोजिम दर्ता भएका संस्थाहरूले देहायका कार्यहरू मात्र गर्न सक्नेछन्:-

(क) सदस्यहरूबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत संकलन गर्ने,

(ख) खण्ड (क) बमोजिम संकलित वचत रकम सदस्यहरूलाई ऋणको रुपमा परिचालन गर्ने,

(ग) सदस्यहरूको आवश्यकता अनुसार दैनिक उपभोग्य वस्तु तथा शैक्षिक सामग्री उत्पादन तथा बिक्री वितरण गर्ने,

(घ) सदस्यहरूको बौद्विक विकास, परामर्श सेवा, तालिम तथा प्रशिक्षण एवं कला साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने ।

(७) यस नियम बमोजिमका संस्थाको गठन तथा अन्य व्यवस्था नगरपालिकाको कार्यविधि बमोजिम हुनेछ ।

**४. संस्था दर्ताको दरखास्तः-**

(१) संघिय सहकारी ऐनको दफा १४ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा ५ वमोजिम दर्ता गर्ने अधिकारी वा निज वाट अधिकार प्राप्त अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि अनुसूची १ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा संघिय सहकारी ऐनको दफा १४ को उपदफा (२) को खण्ड (ख) तथा स्थानिय सहकारी ऐनको दफा ५ बमोजिमको प्रतिवेदन अनुसूची २ को ढाँचामा र खण्ड (ग) बमोजिमको विवरण अनुसूची ३ को ढाँचामा पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा ऐनको दफा १४ को उपदफा (२) तथा स्थानिय सहकारी ऐन दफा ५ मा उल्लिखित कागजातका अतिरिक्त देहायका विवरण संलग्न गर्नुपर्नेछः-

(क) प्रारम्भिक भेलाका निर्णयहरू,

(ख) अनुसूची ४ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ग) अनुसूची ५ को ढाँचामा सदस्यबाट सङ्कलित शेयर पूँजी तथा प्रवेश शूल्क बापत रकमको भर्पाई,

(घ) अनुसूची ६ को ढाँचा मातदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(ङ) अनुसूची ७ को ढाँचामा स्व घोषणा-पत्र,

(च) अनुसूची ८ को ढाँचामा अधिकार प्रत्यायोजन-पत्र,

(छ) आवेदकहरू मध्ये सदस्यको श्रम वा सीपमा आधारित संस्थाको हकमा कम्तीमा १५ जना र अन्य संस्थाको हकमा कम्तीमा तीस जनाले कम्तीमा एक दिवसीय सहकारी सम्बन्धी अनुशिक्षण लिएको प्रमाण (फोटो, कार्यपत्र, अनुशिक्षण दिने व्यक्तिको नाम तथा सम्पर्क ठेगाना, सहभागिहरुको उपस्थिति)

(ज) नेपाली नागरिकताको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

झ) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आवद्धताको परिचयपत्रको प्रतिलिपि,

(ञ) कार्यक्षेत्र भित्र बसोवास गरेको पुष्ट्याई हुने प्रमाण (नागरिकता वा घर जग्गा भएको प्रमाण वा विधुत्त महशूल बुझाएको रसिद वा मतदाता परिचय पत्र वा व्यवसाय गरेको प्रमाण वा घरभाडा सम्झौता पत्र वा सम्वन्धित निकायले गरेको सिफारिश वा काम गरेको कार्यालयको पत्र वा सम्वन्धित वडाको वडा अध्यक्षको बसोवास प्रमाणित पत्र)।

**(५) बचत तथा ऋणको कारोबार गर्ने संस्था दर्ताको मापदण्ड:-**

(१) संघिय सहकारी ऐनको दफा १५ को उपदफा (६) तथा स्थानिय सहकारी ऐनको दफा ६ बमोजिम टीकापुर नगरपालिकाको प्रत्येक दुई हजार जनसंख्यामा एउटा संस्थामा नवढ्ने गरी बचत तथा ऋणको कारोबार गर्ने संस्था दर्ता गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा नगरपालिका भित्र कार्यक्षेत्र सीमित भएका छिमेक वा बसोबासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मूख्य कारोवार गर्ने संस्थाहरुको मात्र आधार लिइनेछ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्डभन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरु तीन वर्ष भित्र नियम ३७ बमोजिम एकीकरण भइसक्नु पर्नेछ।

६. **दर्ताको निमित्त प्राथमिकता :–** संस्थाको दर्ताका लागि एकभन्दा बढी निवेदन परेमा रीतपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिइनेछ।

७. **दर्ताको प्रमाण-पत्र :–** संघिय सहकारी ऐनको दफा १५ तथा स्थानिय सहकारी ऐनको दफा ६ बमोजिम दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थालाई दर्ताको प्रमाण-पत्र दिंदा स्थानिय सहकारी एनको अनुसूची-१० को ढाँचामा दिनुपर्नेछ।

८. संस्थाको कार्यक्षेत्र:-

(१) संघिय सहकारी ऐनको दफा १८ को उपदफा (२) तथा स्थानिय सहकारी ऐनको दफा ९ को उपदफा २ बमोजिम संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनुपर्नेछ:-

(क) संस्थाको कार्यक्षेत्र सदस्यको सीप, पेशा र प्रकृति समेतबाट फराकिलो क्षेत्र आवश्यक पर्ने देखिएमा बढीमा टीकापुर नगरपालिकाको ३ वटा वडा सम्म,

(ख) विशेष व्यवसायिक आवश्यकताको आधारमा टीकापुर नगरपालिका भरी कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा दर्ताका लागि दरखास्त दिने आवेदकहरूको बसोवास नभएको भए त्यस्तो वडा कार्यक्षेत्रमा समावेश गरिनेछैन ।

(३) उपनियम (१) र (२) मा जेसुकै कुरा उल्लेख भएको भएपनि संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मनासिव स्तर हासिल नभएसम्म त्यस्तो संस्थाको कार्यक्षेत्र विस्तार गर्नु हुदैन ।

(४) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छ:-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं कारोवारमा वृद्धि भएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा संघिय सहकारी ऐनको दफा ३२ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा २२ विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(५) ऐनको दफा १८ को उपदफा (६) को खण्ड (क) तथा स्थानिय सहकारी ऐन को दफा ९ को उपदफा (८) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्र भरिको गरी जम्मा सदस्य संख्याको १५ प्रतिशतभन्दा कम सदस्य संख्या भएको हुनु पर्नेछ ।

(६) ऐनको दफा १८ को उपदफा (६) को खण्ड (ख) तथा स्थानिय सहकारी ऐन को दफा ९ को उपदफा (८) सहकारी संस्थाको मौजुदा कार्यक्षेत्र भित्रको एउटा वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्र भरिको गरी दुइ करोड रुपैयाँ वा जम्मा कारोवारको १५ प्रतिशतमा जुन घटी हुन्छ सोभन्दा कम व्यावसायिक सेवा संचालन भएको देखिएको हुनु पर्नेछ ।

९. संस्थाको वर्गीकरण:-

(१) संघिय सहकारी ऐनको दफा २० तथा स्थानिय सहकारी ऐनको दफा ११ बमोजिम संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ:

(क) "उत्पादन सहकारी" कृषि (अन्न वाली, तेलहन वाली, मसला वाली, चिया, कफि, उखु, फलफूल, तरकारी, पशुपालन, माछा, मासु, दुध, मह जन्य उत्पादन आदि), जडिवुटी, उद्योग, खानी, उर्जा, बन पैदावार जन्य व्यवसायीक कारोवार गर्ने सहकारी संस्था ।

(ख) "सेवा सहकारी" थोक तथा खुद्रा व्यापार, बजार, भण्डारण, ढुवानी, यातायात, सञ्चार, प्रकाशन, विद्यालय, विश्वविधालय, प्राविधिक शिक्षालय, शिसु स्याहार केन्द्र, बृद्धाश्रम, तालिम तथा प्रशिक्षण, परामर्श सेवा, अस्पताल, एम्बुलेन्स, नर्सिङ सेवा, फिजियोथेरापी सेवा, आवाश, होटल, रेष्टुरा, ट्राभल, पार्क तथा उद्यान, सभा स्थल, व्यायामशाला, सिंचाइ, विद्युत्त वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन, कवाडी सामाग्री संकलन र बिक्री आदि । -

(ग) "वित्तीय सहकारी" बैंक, बचत तथा ऋणको कारोवार, रकम ट्रान्सफर, विमा आदिको व्यवसायीक कारोवार गर्ने सहकारी संस्था ।

(घ) "श्रमिक सहकारी" श्रम र सिपमा आधारित श्रमिकहरुको स्वामित्वमा स्थापना भएको सहकारी संस्था ।

ङ) "बहुउद्देश्यीय सहकारी" दुई वा दुई भन्दा बढी विषयको कारोवार गर्ने सहकारी संस्था ।

(२) उपनियम (१) मा उल्लेख भए वाहेक सहकारी मार्फत हुन सक्ने अन्य व्यवसायको वारेमा कार्यपालिकाको सहमतिमा विभिन्न विषयहरुको पहिचान गर्न सकिने छ ।

**१०. विषय परिवर्तन सम्बन्धि व्यवस्था:**

(१) कुनै सहकारी संस्थाका सदस्यहरुले आफनो व्यावसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेका साधारण सभा कायम रहेको कुल सदस्य संख्याको बहुमतबाट निर्णय गराई सोही वमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सो को स्विकृतिको लागि अधिकार प्राप्त दर्ता अधिकारी समक्षा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम विषय परिवर्तनको लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधिनमा रही नगरपालिकाबाट स्वीकृत शर्त र कार्यविधि पूरा भएको हुनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै निवेदन प्राप्त भएमा अधिकार प्राप्त दर्ता अधिकारीले आवश्यक जाँचवुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्नुपर्नेछ ।

**११. सहकारी संस्थाले गर्ने कारोबार व्यवसाय उद्योग परियोजना सञ्चालन :**

(१) संघिय सहकारी ऐनको दफा २१ को उपदफा (५) तथा स्थानिय सहकारी ऐनको दफा १२ को उपदफा ५ बमोजिम दुई वा दुई भन्दा बढी संस्था वा निकायहरुले टीकापुर नगरपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकासमा सहयोग हुने गरी साझेदारीमा उत्पादनमूलक, सेवामूलक र बजारीकरणका कारोबार वा व्यवसाय वा उद्योग वा परियोजनाहरु सञ्चालन गर्न सक्नेछन्:-

(क) सम्वन्धित संस्थाको उत्पादनमा मूल्य शृङ्खला विकास, वजार पहुँच वा निर्यात प्रवन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण

प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्वद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्वन्धमा सम्वद्ध संस्थाहरू बीच कम्तीमा पाँच वर्षको करार बन्दोवस्त भएको हुनुपर्ने,

(च) प्रचलित कानुन बमोजिम टीकापुर नगरपालिका वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(ज) यस नियम बमोजिम स्थापना हुने स्थानिय सहकारी संस्था, व्यावसायिक फर्म र कम्पनीहरुलाई सम्वन्धित निकायबाट इजाजत, सहमति वा स्वीकृति दिने विषयमा कुनै विभेद गर्न पाइने छैन ।

(२) उपनियम (१) को अधीनमा रही अन्तर सहकारी सहयोगको भावनाले आवश्यकता अनुसार एकै विषयगत वा फरक विषयगत वा विषयगत र बहुउद्देश्यीय संस्थाहरू मिली संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

(३) उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्वन्धित संघ, संस्थाहरूले तत्सम्वन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता अधिकारीवा निजबाट अधिकार प्राप्त अधिकारीले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता अधिकारीवा निजबाट अधिकार प्राप्त अधिकारीले सोको अभिलेख छुट्टै दर्ता कितावमा दर्ता गरी राख्नुपर्नेछ ।

(६) यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोवार वा व्यवसाय वा उद्योग वा परियोजनाले नियमित रुपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ।

(७) संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजना संचालन सम्बन्धि अन्य विषयहरु निर्देशिका बनाई व्यवस्थित गरिनेछ ।

**१२. सहकारी संस्थाको विनियमः-**

संघिय सहकारी ऐनको दफा २७ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा १७ को उपदफा (१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसूची ९मा उल्लिखित विषयहरू समावेश गर्नुपर्नेछ ।

## परिच्छेद– ३

## सदस्यता

**१३. संघको सदस्यता :-** संघिय सहकारी ऐनको दफा ३३ को उपदफा (८) तथा स्थानिय सहकारी ऐनको दफा २२ को उपदफा (ज) वमोजिम संघको सदस्यता लिंदा देहायको प्रक्रिया पूरा गरेको हुनुपर्नेछः-

(क) वित्तीय कारोवार गर्ने संस्थाले दर्ता भएको ६ महिना भित्र सम्वन्धित संघको सदस्यता लिनु पर्नेछ । यस अघि दर्ता भई सञ्चालनमा रहेका वित्तीय कारोवार गर्ने संस्थाहरुले यो नियम लागू भएको ६ महिना भित्र सम्वन्धित संघमा सदस्यता लिई सक्नु पर्नेछ ।

(ख) सहकारी संस्थाले नियम ९ मा उल्लिखित सम्वन्धित विषयका सम्वन्धित संघ वाहेक अन्य विषयगत संघमा सदस्यता लिन पाउने छैन ।

(ग) सम्वन्धित संघको विनियममा उल्लेखित आधार र प्रक्रिया पूरा भएको ।

(घ) संघिय सहकारी ऐनको दफा १३६ को उपदफा (२) तथा स्थानिय सहकारी ऐनको दफा ९० बमोजिम संघको साधारण सभामा सदस्य सहकारी संस्थाले सदस्य संख्याको आधारमा प्रतिनिधि मताधिकार सहित पठाउन सक्नेछ । प्रतिनिधिको संख्या सम्वन्धमा सम्वन्धित संघको विनियममा उल्लेख भए वमोजिम हुनेछ ।

**१४. सदस्यताको समाप्तिः-**

(१) संघिय सहकारी ऐनको दफा ३४ को उपदफा (४) तथा स्थानिय सहकारी ऐनको दफा २३ बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको व्यवस्था पालना गर्नुपर्नेछः-

(क) त्यस्तो सदस्यको सदस्यता समाप्तिको आधारसहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) त्यस्तो सदस्यको सदस्यता समाप्तिसम्वन्धी आधारका सम्वन्धमा सञ्चालक समितिले उपसमिति वनाई छानविन गरी प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) वमोजिमको उपसमितिले आफ्नो सफाइ पेश गर्ने मुनासिब माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उपनियम (१) वमोजिम सञ्चालक समितिको निर्णय चित्त नवुझेमा दर्ता अधिकारी वा निजवाट अधिकारप्राप्त अधिकारीसमक्ष उजुरी गर्न सक्नेछ तथा ततसम्वन्धमा दर्ता अधिकारी वा निजबाट अधिकारप्राप्त अधिकारीको निर्णय नै अन्तिम हुनेछ । तर, यस उपनियम बमोजिम गरेको निर्णय

तथ्यपरक र सम्वन्धित सहकारी संस्थाको लिखित प्रतिक्रियाको आधारमा हुनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघिय सहकारी ऐनको दफा ३२ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्वन्धमा संस्थाले आ ना सदस्यहरूलाई यो नियमावली लागू भएको मितिले तीन महिनाभित्र स्व:घोषणा गर्न सूचना दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा संघिय सहकारी ऐनको दफा ३२ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा २२ को उपदफा (१) विपरित दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाले सदस्यता कायम राखी अन्य संस्थाले ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नुपर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारी वा निजबाट अधिकारप्राप्त अधिकारीले संघिय सहकारी ऐनको दफा ३२ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा २२ को उपदफा (१) विपरित कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सवभन्दा पहिला लिएको संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न गर्नुपर्नेछ ।

## परिच्छेद –४
## साधारण सभा

**१५. साधारण सभा सम्बन्धि विशेष व्यवस्था:**

(१) संघीय सहकारी ऐन २०७४ को दफा ४० को उपदफा ५ र स्थानिय सहकारी ऐनको दफा २९ को उपदफा ६ बमोजिम दुइ हजार वा सो भन्दा वढी सदस्य भएको संस्थाले साधारण सभा एकै स्थानमा गर्न असुविधा हुने देखि समितिले साधारण सभाको लागि तय भएका समान कार्यसूचीउपर छलफल गर्न साधारण सभा वोलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलाइएको साधारण सभामा संचालक तथा लेखा सुपरीवेक्षण समितिका सदस्यको उपस्थितिमा उपनियम (५) बमोजिमको एकाइमा रहेका वहुमत सदस्यहरुको उपस्थितिमा त्यस्तो साधारण सभाको लागि तय भएका समान कार्यसूचीउपर छलफल गरी कम्तीमा वहुमत सदस्यको निर्णय बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने विनियममा उल्लेख भए वमोजिमको संख्यामा प्रतिनिधि छनौट गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम छनौट भएका प्रतिनिधिहरुले साभारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न सक्नेछन् ।

(४) उपनियम (३) बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने सम्वन्धमा छनौट भएका प्रतिनिधिहरुकाबीच मतैक्यता हुन नसकेमा उपस्थित प्रतिनिधिहरुको वहुमतबाट भएको निर्णय बमोजिम हुनेछ ।

(५) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठक देहाय बमोजिम गराउनु पर्नेछ:

(क) संस्थाको कार्यक्षेत्रलाई विभिन्न एकाइमा सदस्य संख्याको आधारमा विभाजन गर्ने ।

(ख) सम्बन्धित एकाइमा रहेका सदस्य संख्याको आधारमा प्रतिनिधि संख्या यकिन गर्ने,

(ग) यकिन भएको संख्याको आधारमा प्रतिनिधि चयन गर्ने, र

(घ) साधारण सभाको समान कार्य सूचीमा एकाईमा रहेका सदस्यहरुबीच छलफल गर्ने र एकाइमा रहेका सदस्यहरुको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधिले गर्ने ।

(६) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धि अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

**१६. समितिको बैठक:-** संघिय सहकारी ऐनको दफ ४१ को उपदफा (८) तथा स्थानिय सहकारी ऐनको दफा ३० बमोजिम संचालक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ:-

(१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिव वा व्यवस्थापकले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर दुई बैठक बीचको अवधि साधारणतया पैंतालीस दिनभन्दा बढी हुनेछैन ।

(३) उपनियम २ मा जेसुकै लेखिएको भएतापनि बहुमत सदस्यले ४५ दिन अगावै बैठक राख्न आवश्यक ठानी संयूक्त निवेदन दिएमा अध्यक्षले ७ दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(४) उपनियम (२) र (३) मा तोकिएको अवधिभित्र बैठक नबोलाएमा बहुमत सदस्यले बैठक बोलाउन उपाध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा उपाध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक राख्न सक्नेछन ।

(६) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ ।

(७) समितिको बैठकको गणपूरक संख्या समितिका कुल सदस्य संख्याको बहुमत हुनेछ ।

(८) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालकहरूमध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

**१७. समितिको काम, कर्तव्य र अधिकार:-** संघिय सहकारी ऐनको दफा ४३ तथा स्थानिय सहकारी ऐनको दफा ३२ बमोजिम समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) संस्थाको समग्र कार्यसञ्चालनमा सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू उपर छलफल गरी आवश्यक देखिएका सुझावहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण सम्बन्धी प्रचलित कानुन बमोजिमका यवस्थाहरूको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकताअनुसार उपसमितिहरू गठन गर्ने र उपसमितिको कार्यविधि तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचारसंहिता बनाई लागू गर्ने,

(ज) सहकारी संस्थाको व्यवस्थापक नियुक्त गर्ने, व्यवस्थापकको जिम्मेवारी, सेवाका शर्त र सुविधाहरु निर्धारण गर्ने,

(झ) सहकारी संस्थाको वार्षिक रणनैतिक योजना स्वीकृत गर्ने आवश्यकता अनुसार परिमार्जन गर्ने,

(ञ) सम्पादित कार्यहरुको नियमित समीक्षा गर्ने र व्यवस्थापकलाई आवश्यक निर्देशन दिने,

(ट) वार्षिक वजेट तथा कार्यक्रम, कार्यविधि, विनियमावली, निर्देशिका तयार गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि साधारण सभामा पेश गर्ने,

(ठ) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने ।

**१८. तदर्थ संचालक समितिको गठन:-**

(१) संघिय सहकारी ऐनको दफा ४७ को उपदफा (४) तथा स्थानिय सहकारी ऐनको दफा ३६ को उपदफा ४ बमोजिम तदर्थ संचालक समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनुपर्दछ:-

(क) संस्थाको सदस्य भएको हुनुपर्ने,

(ख) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुनु नहुने,

(ग) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तिमा ३३% (तेत्तीस प्रतिशत) महिला हुनुपर्ने,

(घ) एकै परिवारका एकभन्दा बढी सदस्य हुनु नहुने,

(ङ) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो सदस्यको नजिकको नाता पर्ने सदस्य हुनु नहुने ।

(२) उपनियम (१) बमोजिम तदर्थ समितिको पदाधिकारी वा सदस्य लगत्तै गठन हुने समिति वा लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

**१९.लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता:**

१. संघिय सहकारी ऐनको दफा ४८ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुनका लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ ।

(क) सम्वन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तिमा तीन वर्ष पुगेको हुनुपर्नेछ, तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुको हकमा यो नियम लागू हुने छैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको हुनु पर्नेछ ।

(ग) संस्थाले आफै वा अन्य निकायले आयोजना गरेको लेखापालन वा पर्ल्स विश्लेषण वा लेखापरिक्षणसंग सम्वन्धित तालिम लिएको हुनु पर्नेछ । यस भन्दा अगाडि दर्ता भई सञ्चालनमा रहेका संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले ६ महिना भित्रमा आफ्नो लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको लागि सो सम्वन्धी तालिमको व्यवस्था गर्नुपर्नेछ ।

(घ) लेखा सुपरिवेक्षण समितिमा कम्तिमा एकजना सदस्य लेखा सम्वन्धी ज्ञान भएको सदस्य निर्वाचित गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद– ५
## बचत तथा ऋण परिचालन

**२०. सन्दर्भ व्याजदरको आधार र प्रक्रिया:-**

(१) संघिय सहकारी ऐनको दफा ५१ को (३) तथा स्थानिय सहकारी ऐनको दफा ४० को उपदफा (१) बमोजिम सन्दर्भ व्याजदर निर्धारण गर्दा देहायका आधार लिनुपर्नेछ:-

(क) बचत तथा ऋणको केन्द्रीय विषयगत संघमा आवद्ध संघ, संस्थाहरूको औसत व्याजदर,

(ख) सहकारी बैंकहरूको औसत व्याजदर,

(ग) सरकारी तथा निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको औसत व्याजदर,

(घ) व्याजदरका सम्वन्धमा टीकापुर नगरपालिका, प्रादेशिक सरकार र संघिय सरकारका सम्वन्धित निकाय वा नेपाल राष्ट्र बैंकले गरेका अध्ययन प्रतिवेदनहरू,

(ङ) राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघहरूबाट प्राप्त सुझाव,

(च) सन्दर्भ व्याजदर निर्धारण समितिले उपयुक्त देखेका अन्य आधारहरू ।

(२) उपनियम (१) बमोजिम सन्दर्भ व्याजदर निर्धारण गर्दा सामान्यतया देहायका सिद्धान्तहरू अवलम्वन गर्नुपर्नेछ:-

(क) बचतमा भारित औसत व्याजदरभन्दा सामान्यतया बढी,

(ख) ऋणमा भारित औसत व्याजदरभन्दा सामान्यतया घटी,

(ग) बचत र ऋणको व्याजदरको अन्तर छ प्रतिशत भन्दा घटी ।

(३) सन्दर्भ व्याजदर आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिनेछ ।

(४) समितिको निर्णय बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ ।

(५) समितिले वार्षिक रूपमा सन्दर्भ ब्याजदर परिपालना अवस्थाको मूल्याङ्कन गरी टीकापुर नगरपालिका र सम्बन्धित मन्त्रालयहरुमा आवश्यक सुझाव सहितको प्रतिवेदन दिनुपर्नेछ ।

(६) यस नियमबमोजिम सन्दर्भ ब्याजदर निर्धारण गरिएको जानकारी टीकापुर नगरपालिका, सम्बन्धित मन्त्रालय र नेपाल राष्ट्र बैंकमा पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गर्नुपर्नेछ ।

(७) राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय विषयगत सहकारी संघहरूले सन्दर्भ ब्याजदर निर्धारणको जानकारी आफना सदस्यहरूलाई गराउनुका साथै पालना अवस्थाको समेत अनुगमन गर्नुपर्नेछ ।

**२१. सदस्यको रकम फिर्ता:-**

(१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा संघिय सहकारी ऐनको दफा ६४ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा २३ बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको ९० दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ :-

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बांकी शेयर लाभांश बापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुंजी फिर्ता बापतको रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुंजीबाट समानुपातिक रूपमा घटाई बांकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ ।

(३) संघिय सहकारी ऐनको दफा ६४ को उपदफा (२) तथा स्थानिय सहकारी ऐनको दफा ४३ बमोजिम संस्थामा जम्मा गरेको बचत रकम तोकिएको समय सीमा भित्र सदस्यले मागेका बखत ब्याज सहित फिर्ता दिनु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थीर सम्पत्तिमा लगानी भएको शेयर पुंजीको हकमा सदस्यको इच्छा बमोजिम हक हस्तान्तरण गर्न सकिने छ ।

## परिच्छेद– ६

## कोष सम्बन्धी व्यवस्था

**२२. संरक्षित पूँजी फिर्ता कोषबाट रकम वितरण गर्ने आधार:**

(१) संघिय सहकारी ऐनको दफा ६९ को उपदफा (३) तथा स्थानिय सहकारी ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहाय बमोजिम वासलातले देखाएको वार्षिक कारोबारको आधार लिनुपर्नेछ :

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य।

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचतमा प्राप्त ब्याज र लिएको ऋणमा तिरेको ब्याज ।

(ग) उपभोक्ता सम्बन्धी संस्थामा सदस्यले संस्थासंग खरिद गरेको वस्तु वा सेवाको मूल्य ।

(घ) श्रमिक सम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला ।

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेख भए बमोजिम

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै व्यवस्था गरिएको भएता पनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइनेछैन ।

(४) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचतमा प्राप्त गरेको ब्याज तर्फ ४० प्रतिशत र ऋणमा तिरेको ब्याज तर्फ ६० प्रतिशत भार दिई गणना गरिनेछ ।

(५) गत आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरि सक्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम कुनै आर्थिक वर्षमा वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नु पर्नेछ ।

(७) संरक्षित पूंजी फिर्ता सम्बन्धि अन्य व्यवस्था तोकेबमोजिम हुनेछ ।

**२३. सहकारी प्रवर्द्धन कोष:-**

(१) संघिय सहकारी ऐनको दफा ७० को उपदफा (५) तथा स्थानिय सहकारी ऐनको दफा ४९ बमोजिम टीकापुर नगरपालिको वार्षिक बजेटमा समावेश गरी कोषमा रकम उपलब्ध गराउनेछ ।

(२) कोषको रकम संघिय सहकारी ऐनको दफा ७० को उपदफा (६) तथा स्थानिय सहकारी ऐनको दफा ४९ बमोजिमका सहकारी संघ तथा महासंघलाई देहाय बमोजिम उपलब्ध गराइनेछ :-

(क) राष्ट्रिय सहकारी महासंघलाई जम्मा स्रोतको ३० (तीस) प्रतिशतसम्म,

(ख) केन्द्रीय विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको २५ (पचिस) प्रतिशतसम्म,

(ग) प्रदेश सहकारी संघहरूलाई जम्मा स्रोतको १५ (पन्द्र) प्रतिशतसम्म,

(घ) प्रदेश विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको १० (दश) प्रतिशतसम्म,

(ङ) जिल्ला सहकारी संघहरूलाई जम्मा स्रोतको १० (दश) प्रतिशतसम्म,

(च) जिल्ला विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको १० (दश) प्रतिशतसम्म,

(३) कोषसम्बन्धि अन्य व्यवस्था संघिय सहकारी ऐन बमोजिम हुनेछ ।

**२४ अन्य कोष सम्बन्धी व्यवस्था:-**

(१) संघिय सहकारी ऐनको दफा ७१ को उपदफा (१) र (२) तथा स्थानिय सहकारी ऐनको दफा ५० बमोजिम सहकारी संस्थाको एक आर्थिक वर्षको

खुद बचतको रकमबाट कम्तीमा २५% ( पच्चिस प्रतिशत) जगेडा कोषमा जम्मा गरी बांकी रहेको रकमलाई १०० प्रतिशत मानी सोबाट संघिय सहकारी ऐनको दफा ६९ तथा स्थानिय सहकारी ऐनको दफा ४८ बमोजिम कम्तीमा २५% (पच्चिश प्रतिशत) रकम संरक्षित पुँजी फिर्ता कोष र संघिय सहकारी ऐनको दफा ७० तथा स्थानिय सहकारी ऐनको दफा ४९ बमोजिम शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा रहने गरी बाँकी रहेको रकमलाई शतप्रतिशत मानी संस्थाको विनियममा गरिएको व्यवस्था अनुसार देहाय बमोजिम कोषहरुमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुट्याई वितरण गर्नु पर्नेछ ।

(क) सहकारी शिक्षा कोष
(ख) शेयर लाभांस कोष
(ग) कर्मचारी बोनस कोष
(घ) सहकारी विकास कोष
(ङ) घाटापूर्ति कोष
(च) सामुदायिक विकास कोष
(छ) सहकारी ऐन २०७४ को दफा १०३ को उपदफा (५) बमोजिम साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष
(ज) अन्य जोखिम व्यवस्थापन कोष

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलबभन्दा बढी नहुने गरी वितरण गर्नुपर्नेछ ।

**२५. अभिलेखः-**

(१) संघिय सहकारी ऐनको दफा ७२ को उपदफा (२) तथा स्थानिय सहकारी ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्यसञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखा विभागले तोकेको लेखामान ढाँचा अनुसार राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नुपर्नेछः–

(क) अनुसूची–३, बमोजिमको सदस्यता दर्ता किताब
(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै कारबाई किताब,
(ग) नगदी बही,
(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसंग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,
(ङ) शेयर दर्ता किताब,
(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,
(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) वेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) सम्वन्धित निकाय वा मन्त्रालयले तोकेको ढाँचावमोजिमको हिसाव परीक्षा सूची, आय-व्यय र स्थिति विवरण–पत्र,

(ट) समय समयमा सम्वन्धित निकाय वा मन्त्रालयहरुले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

(३) रु. ५ करोडभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख विभागले तोकेबमोजिमको निर्धारक पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नुपर्नेछ । तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुन बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठसुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नुपर्नेछ ।

## परिच्छेद– ७
## छुट, सुविधा र सहुलियत

**२६. छुट सुविधा र सहुलियतः–**

(१) संघिय सहकारी ऐनका दफा ७८ को उपदफा (१०) तथा स्थानिय सहकारी ऐनको दफा ५७ को उपदफा (२) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित निवेदन दिनु पर्नेछः

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिइ अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपूर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,

(ख) साधारण सभाको बैठकबाट घर जग्गाधनीको नाम नामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्वन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षकबाट प्रमाणित वित्तिय विवरण,

(घ) अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पूँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोष र बचत रकमको दर्तावाल लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखिई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता अधिकारीले छुट सुविधाको लागि सम्बन्धित निकायमा लेखी उठाउन सक्नेछ ।

(३) छुट, सुविधा र सहुलियतसंग सम्बन्धित अन्य व्यवस्था नेपाल सरकारबाट नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम हुनेछ ।

## परिच्छेद– ८

## ऋण असुली तथा बाँकी बक्यौता

**२७. ऋण तथा बाँकी बक्यौता असुली:-**

(१) संघिय सहकारी ऐनको दफा ७९ को (८) तथा स्थानिय सहकारी ऐनको दफा ५८ बमोजिम संस्थाको ऋण र संघिय सहकारी ऐनको दफा ८३ तथा स्थानिय सहकारी ऐनको दफा ६१ बमोजिम संस्थाको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गेरी असुल उपर गर्दा संस्थाले देहायका कार्यविधि अपनाउनु पर्नेछ ।

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न, बुझाउनु, आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पठाउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइ सकेको प्रमाण पेश नगरेमा निजको नाँउमा लिलाम बिक्री गर्ने सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ग) धितो राखेको घर जग्गा जमीन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(घ) धितो राखेको चल-अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशित गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, ब्याज र हर्जानाको रकम समेत उल्लेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिन भित्र लिलाम बिक्रि गरी साँवा ब्याज र हर्जनाको रकम असूल उपर गर्ने बारेको सूचना स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको कार्यालय, टीकापुर नगरपालिका र सम्वन्धित वडा कार्यालयमा टाँस गर्नुपर्नेछ । साथै ऋणीले तोकिएको अवधिमा साँवा ब्याज र हर्जाना तिर्न बुझाउँन नआएमा सूचना प्रकाशित भएको मितिले १६ औं वा ३६ औं दिनमा सम्बन्धीत संस्थाले संस्थामा रहेको धितो लिलाम बिक्रि गर्नेछ भने लिलाम बिक्रि नभएमा संस्था स्वयम्ले सकार गर्नेछ ।

(ङ) लिलाम बिक्रि गर्नु पूर्व संस्थामा रहेको धितोको प्राविधिक मूल्यांङ्कन गर्नु पर्नेछ ।

(च) लिलाम विक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ तर लिलाम विक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्री गर्नु पर्नेछ ।

(छ) धितो लिलाम बिक्री को लागि सम्वन्धित वडाको प्रतिनिधि, टीकापुर नगरपालिकाको मालपोत हेर्ने कर्मचारी, सम्वन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक वा सञ्चालक समितिका पदाधिकारी मध्ये लिखत पत्र सहितको १ को उपस्थितिमा समितिले चलन चल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढावढ गरी शुरु गर्नुपर्नेछ । डाँक बोल्न उपस्थित भई डाँक वढावढ गर्ने व्यक्तिहरू मध्ये सबै भन्दा वढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति गर्नुपर्नेछ ।

तर, सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

(ज) डाँक बोल्न शुरु गरी वढाबढ गर्नेले डाँक अंक बोलेपछि विनियम र कार्यविधीले तोके बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक स्पष्ट खोली निजको सही छाप गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम विक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम विक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र टीकापुर नगरपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र टीकापुर नगरपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नुपर्नेछ ।

(४) बांकी वक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम विक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनुपर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।

२८. **लिलाम बिक्री स्थगित गर्न सक्ने:-** नियम २७ बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित भैसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था बीच सहमति भई लिलाम विक्रि स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्थाले त्यस्तो लिलाम विक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

२९. **असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्ने:-**

(१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट सांवा, व्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा बांकी बक्यौता असुल उपर

गर्नु पर्ने व्यक्तिको हक भोगको नेपाल भरी जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट नियम २८ को कार्यविधि अपनाई लिलाम बिक्रीगरी असुलउपर गर्नु पर्नेछ।

(२) भूमि सम्वन्धी ऐन, २०२१ अनुसार मोहि लागेको जग्गा वा जग्गाधनी र मोहीका बिच जग्गा बाँडफाड हुने व्यवस्था भई मोहीलाई जग्गाको स्वामित्व दिलाउने व्यवस्था भएको हुंदा त्यस्तो ऋणी मोहिको स्वामित्वमा आउने हक हिस्सावाट समेत लिलाम विक्री गरी  असुल उपर गरिनेछ।

(३) मोहीले लिएको ऋणको हकमा निजले कमाएको वाली लिलाम बिक्री गरी साँवा, व्याज र  हर्जानाको रकम असुल उपर गर्नुपर्नेछ।

(४) धितो तथा सुरक्षण विना स्वीकृत नियम वमोजिम लगानी भएको कर्जा असूल उपर गर्दा ऋणी सदस्य तथा व्यक्तीगत जमानीकर्ताको नेपाल भित्र रहेको हकभोग लाग्ने चल-अचल सम्पत्तिबाट असूल उपर गर्न सकिनेछ।

(५) उपनियम (१), (२), (३) र (४) बमोजिम लिलाम विक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जानाको रकम असुल उपर गरी बांकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ।

**३०. बेचविखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सहकारी ऐनको दफा १३५ मा उल्लेखित संस्थाको घर, जग्गा लगायतका स्थिर सम्पत्ति नेपाल सरकारको स्वकृति बिना बेचविखन वा लिलाम बिक्रि गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन।
तर त्यस्ता संस्थाले ऋण वा अन्य बाँकी बक्यौता वापत धितो लिएको वा संस्था आफैले धितो सकार गरेको घर, जग्गा यस नियमावली बमोजिम लिलाम बिक्री गर्न नेपाल सरकारको स्वीकृति आवश्यक पर्ने छैन।

**३१. लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने:**

(१) लिलाम बिक्रीको कार्य सकिना साथ लिलाम सकार गर्ने व्यक्तिवाट सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ र बाकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिनभित्र वुझाइ सक्नु पर्नेछ। उक्त म्याद भित्र बांकी रकम नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु  पर्नेछ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम उसै दिन नवुझाएमा निज पछि सबै भन्दा वढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम वमोजिम सकार गरेको पूरा मूल्य वुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरी  दिनको लागि सहकारी संस्थाले सम्वन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

**३२. लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने:–** नियम २७ र २९ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व

आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्वन्धित कार्यालयहरूले सहकारी संस्थाको जनाउ बमोजिम आ नो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ ।

३३. **जायजेथा फिर्ता दिनुपर्नेः–** नियम ३२ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्वन्धित ऋणी सदस्यले आफूले तिर्नु बुफाउनुपर्ने साँवा र अघिल्लो दिन सम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासंग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्नेछ ।

३४. **कर्जा सूचना केन्द्रसम्बन्धी व्यवस्थाः–** स्थानिय सहकारी ऐनको दफा ६० बमोजिम बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको ऋण प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनको लागि सो सम्वन्धी सूचना व्यवस्थापन र समय समयमा कर्जा नतिर्ने ऋणीहरुको कर्जाको सूचना प्राप्त गर्न तथा कर्जा दुरुपयोग गर्ने ऋणीहरुको कालो सूची तयार गर्ने कामलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सूचना प्राप्त गर्ने, गराउनेकार्य संघिय कानुनले तोकिए बमोजिम हुनेछ ।

३५. **कालो सूची सम्बन्धि व्यवस्थाः**

(१) कर्जा सूचना केन्द्रले आफ्ना सदस्य रहेका सहकारी संस्थाहरुबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखाभित्र ऋणको साँवा, ब्याज फिर्ता नगर्ने व्यक्तिको ऐनको दफा ८० को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा ५९ बमोजिम नामनामेसीसहित कालो सूची प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम कालो सूची प्रकाशन गर्दा कर्जा सूचना केन्द्रको निर्धारित मापदण्ड अनुसार सम्बन्धित सदस्य संस्थाबाट प्राप्त सिफारिस सहितको प्रतिवेदनको आधार लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कालो सूचीमा परेका व्यक्तिहरुको नाम निर्धारित मापदण्ड अनुसार सदस्य संस्थाहरुबाट प्राप्त सिफारिस सहितको प्रतिवेदनको आधारमा कालो सूचीबाट हटाउन सकिनेछ ।

## परिच्छेद– ९
## एकीकरण, विघटन र दर्ता खारेज

३६. **सहकारी संस्थाको एकीकरणः–** संघिय सहकारी ऐनको दफा ८७ को उपदफा (४) तथा स्थानिय सहकारी ऐनको ६५ बमोजिम दुई वा दुई भन्दा वढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्का संग जोडिएको हुनु पर्ने,

(ख) एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेश वा वहु प्रदेश कायम हुनेछ ।

(ग) संघहरुको एकीकरण गर्दा विषयगत कार्य मिल्ने गरी गर्न पर्नेछ ।

(घ) एकिकरणमा सहभागि सहकारी संस्थाहरुले एकिकरण सम्बन्धी कार्यविधि तय गर्नु पर्नेछ ।

(ङ) एकिकरण हुने सहकारी संस्थाहरुलाई कार्यक्षेत्र र करमा विशेष सहुलियत दिन सकिने छ ।

(च) महिलामात्र सदस्य रहने संस्था महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनुपर्नेछ । तर विशेष रुपमा पिछडिएका समुदायमा स्थापित संस्थाको सांगठनिक गतिशीलतामा असर पर्ने गरी एकीकरण गरिने छैन ।

(छ) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया स्विकृत कार्यविधिमा व्यवस्था भएबमोजिम हुनेछ ।

**३७. सहकारी संस्थाको विभाजन:–** संघिय सहकारी ऐनको दफा ८७ को उपदफा (४) तथा स्थानिय सहकारी ऐनको दफा ६५ बमोजिम संस्थाको विभाजन गरी दुई वा दुई भन्दा वढी संस्थाहरु कायम गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र स्थानीय तहको एक वडा भन्दा वढी हुनुपर्ने,

(ख) विभाजनको प्रकृयावाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्य सञ्चालनमा सदस्यहरुको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था हुनुपर्ने,

(ग) विभाजनका शर्त, आधार र प्रक्रिया स्वीकृत कार्यविधिमा व्यवस्था भएबमोजिम हुनेछ ।

**३८. सहकारी संघ संस्थाको खारेजी :** यो नियम जारी भए पश्चात देहायको अवस्थामा सहकारी संघ संस्थाहरूको दर्ता खारेज हुनेछ । यसरी दर्ता खारेज भएमा संस्था विघटन हुनेछ र दर्ताको प्रमाणपत्र स्वत: रद्द हुनेछ ।

(१) संस्थाको साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाई बहुमतले संस्था विघटन गर्ने निर्णय गरी दर्ता अधिकारी समक्षनिवेदन दिएमा

(२) लगातार ३ आ.व.सम्म दर्तावाल लेखापरीक्षकवाट लेखापरीक्षण नगराएमा

(३) कुनै संस्था द्वारा आफ्नो उद्देश्य विपरीत कार्य गरेको पाईएमा

## परिच्छेद– १०
## लिक्विडेशन सम्बन्धी व्यवस्था

**३९. लिक्वीडेटर नियुक्ति:–** संघिय सहकारी ऐनको दफा ८९ को उपदफा (२) तथा स्थानिय सहकारी ऐनको दफा ६७ को उपदफा (२) बमोजिम रु. ५०,००,०००।- अक्षरुपी (पचास लाख) सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता अधिकारीले आफु मातहतका अधिकृत वा कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

**४०. लिक्वीडेटरको काम कर्तव्य र अधिकार:**

(१) संघिय सहकारी ऐनको दफा ८९ तथा स्थानिय सहकारी ऐनको दफा ६७ अन्तर्गत नियुक्त लिक्वीडेटरको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विघटन भएका संस्था बाट असुल हुन बांकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा हालवाला वा साविक वाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बांकी रकम नियम २८, २९, ३० र ३२ को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संस्थासंग कुनै साहुको कुनै रकम बाँकी राखेको रहेछ र सो कुरा संस्थाकै हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बांकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दावा गर्न आउनु भनी सूचना गर्ने ।

(ग) साहुहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था विघटन गर्ने सिलसिलामा, संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संस्थाले गरेको वा संस्थाको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने ।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(छ) संस्थाको खातावही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संस्थाको सम्पत्ति वेचविखन गर्ने ।

(झ) सरोकारवालाहरुसंग समेतको परामर्शमा संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारहरूको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराहरूको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्थाको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराइ सोधपुछ गर्न सक्नेछ ।

**४१. लिक्वीडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकार:** नियमावली ४१ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ:

(क) निर्देशन विपरित लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकता अनुसार अर्को आदेश जारी गर्न,

(ख) संस्थाको खातावही, कागजात, लिखत र जायजेथाहरू पेश गराउन,

(ग) नियम ४२ बमोजिमको लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन,

(घ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) संस्थाको जायजेथा वितरण गर्ने अधिकार दिन,

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन, र

(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

**४२. लिक्वीडेशन कामको समाप्ति र दायित्व भुक्तानी:**

(१) संघिय सहकारी ऐनको दफा ८८ तथा स्थानिय सहकारी ऐनको दफा ६८ अन्तर्गत दर्ता खारेज गरिएको कारण विघटन भएको संस्थाको कोषबाट प्राथमिकता क्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछः

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फर्छ्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनु पर्ने रकमहरू दिन,

(च) शेयर पुंजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको लाभांश वितरण गर्न ।

(२) कुनै संस्थाको विघटनको काम समाप्त भै सकेपछि पनि सो संस्थाको कुनै साहूले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहूले आफूले पाउनु पर्ने रकमको निमित्त दावी गरिसक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

**४३. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग:** संघिय सहकारी ऐनको दफा ९१ तथा स्थानिय सहकारी ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात बांकी रहन गएको सम्पत्तिको उपयोग देहायबमोजिम हुनेछ ।

(क) सम्बन्धित सहकारी संस्थाले विनियममा भएको व्यवस्था बमोजिम बाँकी भएको सम्पत्तिको उपयोग गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम विनियममा व्यवस्था नभएको अवस्थामा सम्वन्धित सहकारी संस्थाको बहुमत सदस्यको निर्णय बमोजिम सम्पत्तिको उपयोग गर्न सकिनेछ ।

## परिच्छेद– ११
## निरीक्षण तथा अनुगमन

**४४. निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था:**

(१) प्रत्येक सहकारी संघ संस्थाहरूले नगरपालिकाले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भई आफ्नो संस्थाको विवरण प्रविष्टि गर्नु पर्नेछ ।

(२) लेखापरीक्षण प्रतिवेदन र सम्वन्धित कागजातबाट नगरपालिकाले जारी गरेको ऐन नियम मापदण्ड वमोजिम संचालन भएको, संस्थाको कारोवार उत्कृष्ट रहेको, सदस्य संख्यामा उल्लेख्य वृद्धि भएको र निरन्तर मुनाफामा संचालन भएको प्रमाणित हुनु पर्ने तथा उपनियम (१) वमोजिमको सूचना

प्रणालीको आधारमा नगर कार्यपालिकाले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(३) टीकापुर नगरपालिकाको स्थानिय सहकारी ऐनको दफा १०१ बमोजिम यस नियम बमोजिम हुने निरिक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

**४५. बचत तथा ऋण सहकारी संस्थाको निरिक्षण वा हिसाब किताब जाँच**

(१) नेपाल राष्ट्र बैंकले निरीक्षण तथा हिसाबकिताब जाँच गर्न सक्ने: संघिय सहकारी ऐनको दफा ९५ को उपदफा (२) तथा स्थानिय सहकारी ऐनको दफा ७१ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले दोहोरो नपर्ने गरी रु.२५ करोड भन्दा बढीको बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरुको निरीक्षण वा हिसाब किताब जाँच गर्न, गराउन सक्नेछ ।

स्पष्टीकरण: यस नियमको प्रयोजनका लागि आर्थिक कारोबार भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको वासलातको जम्मा जायजेथाको रकम सम्झनुपर्छ ।

(२) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले दुई वर्ष भित्र र अन्य संस्थाले पाँच वर्षभित्र टीकापुर नगरपालिकले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भईसक्नु पर्नेछ ।

(३) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानी सम्बन्धमा टीकापुर नगरपालिकाले तोकेको मापदण्डहरू पालना गर्नुपर्नेछ । टीकापुर नगरपालिकाले मापदण्ड तयार गर्दा पर्ल्स अनुगमन प्रणालीलाई आधार बनाउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको अवस्था उपनियम (१) बमोजिमको सूचना प्रणालीका आधारमा टीकापुर नगरपालिकाको सहकारी व्यवसाय प्रवर्द्धन समितिले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(५) यस नियमबमोजिम हुने निरीक्षण तथा अनुगमनसम्बन्धी व्यवस्था सहकारी व्यवसाय प्रर्वद्धन समितिबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

**४६. वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण:** संघिय सहकारी ऐनको दफा १०० उपदफा (३) को खण्ड (ड) तथा स्थानिय सहकारी ऐनको दफा ७४ बमोजिम दर्ता अधिकारीले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू टीकापुर नगरपालिकाको सहकारी व्यवसाय प्रर्वद्धन समिति, कार्यपालिका र सम्वन्धित मन्त्रालयले तोके बमोजिम हुनेछ ।

## परिच्छेद– १२
## विविध

**४७. दर्ता अधिकारीको काम कर्तव्य र अधिकार:** संघिय सहकारी ऐनको दफा ९३ तथा स्थानिय सहकारी ऐनको दफा ७० वमोजिम दर्ता अधिकारी वा निजवाट अधिकार प्राप्त अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचवुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आ नो कार्य संचालन गर्न बनाएको विनियम स्वीकृत गर्ने र विनियमको संशोधन प्रस्तावलाई अभिलेखन गर्ने,

(ग) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको निर्णय वमोजिम एकीकरण, विभाजन तथा कार्यक्षेत्र स्वीकृत गर्ने,

(घ) सहकारी संस्थाको निरीक्षण तथा हिसाव किताव जाँच गर्ने गराउने र प्राप्त प्रतिवेदनको आधारमा आवश्यक निर्देशन दिने,

(च) तोकिएको अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउन निर्देशन दिने,

(छ) ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरू आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने,

(ज) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन टीकापुर नगरपालिका वा आर्थिक विकास समितिको सचिवालय वा सहकारी व्यवसाय प्रवर्द्धन समितिको सचिवालयमा पेश गर्ने,

(झ) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा टीकापुर नगरपालिका, आर्थिक विकास समिति, सहकारी व्यवसाय प्रवर्द्धन समितिवाट प्राप्त निर्देशन वमोजिमका अन्य कार्यहरू गर्ने।

(ञ) संघिय सहकारी ऐनको दफा १५१ तथा स्थानिय सहकारी ऐनको दफा १०१ वमोजिम दर्ता अधिकारीले सहकारी व्यवसाय प्रवर्द्धन समितिको निर्णयानुसार सहकारी संस्थाको दर्ता गर्न, कार्य क्षेत्र विस्तार गर्न, कारोवारको नियमन गर्न, संचालन सम्बन्धी प्रकृयालाई व्यवस्थित गर्न संघहरुको समेत सहभागीतामा मापदण्ड वा कार्यविधि बनाई लागु गर्न सकिनेछ।

**४८. प्रतिनिधि पठाउने व्यवस्था:**

(१) संघिय सहकारी ऐनको दफा १३६ को उपदफा (२) स्थानिय सहकारी ऐनको दफा ९० बमोजिम संघको साधारण सभामा प्रतिनिधि पठाउँदा सम्वन्धित सहकारी संघको विनियममा निर्धारण गरिए बमोजिम सदस्य संस्थाका सदस्य संख्याको अनुपातको आधार पठाउन सकिनेछ।

(२) उपनियम (१० वमोजिम सम्वन्धित संस्थाले प्रतिनिध पठाउदा मताधिकारी प्रयोग गर्ने एक जना प्रतिनिधि तोकि पठाउनु पर्नेछ।

**४९. अन्तर सहकारी कारोबार:**

(१) संघिय सहकारी ऐनको दफा १४० तथा स्थानिय सहकारी ऐनको दफा ९४ वमोजिम अन्तरसहकारी कारोवार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनुपर्नेछ।

(२) संस्थाले सदस्य स्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससंग सम्बन्धित अन्तर सहकारी कारोवारलाई वढावा दिने गरी संयोजन गर्न सक्नेछ।

(३) अन्तर सहकारी कारोवारमा संलग्न विभिन्न संस्थाका सदस्यहरूवाट उत्पादित उपज अग्रणी संस्था ( लिड को-अपरेटिभ) को अवधारणावाट कुनै एक संस्था मार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन्।

(४) वचत तथा ऋणसम्बन्धि अन्तरसहकारी कारोवारको हकमा सम्वद्ध सहकारी संस्थाहरुले मन्त्रलयले सम्वन्धित विषयगत संघ वा सहकारी बैंकको भूमिकासमेत निर्दिष्ट गरि तोकेको मापदण्ड पालना गर्नु पर्नेछ।

(५) एक सहकारी संस्थाको सदस्यले नेपालभरको अर्को कुनै सहकारी संस्थावाट विद्युतीय प्रणाली मार्फत आफ्नो खातामा रकम जम्मा गर्न र आफ्नो खातामा रहेको वचत रकम झिक्न सक्ने गरि संस्थाहरूको विचमा अन्तर सहकारी कारोबार गर्न सकिनेछ।

(६) अन्तर सहकारी कारोवार सम्वन्धी अन्य व्यवस्था मन्त्रालयले स्वीकृत गरेको कार्यविधि वमोजिम हुनेछ।

**५०. समिति वा लेखा सुपरीवेक्षण समितिमा रहन नसक्ने:**

(१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाको दर्ता तथा नियमन सम्बन्धि कार्यमा प्रत्यक्षरुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा वहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनित हुन सक्ने छैन।

(२) यो नियम प्रारम्भ हुँदाका वखत उपनियम (१) मा उल्लेखित पदाधिकारी वा कर्मचारी कुनै सहकारी संस्थाको समिति वा लेखा सुपरीवेक्षण समितिमा र सहकारी संस्थाको नियमन गर्ने निकायमा रहेछ भने यो नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र समिति वा लेखा सुपरीवेक्षण समिति वा त्यस्तो निकायमध्ये कुनै एकबाट अलग हुनु पर्नेछ।

**५१. जरिवाना सम्बन्धी कार्यविधि:** संघिय सहकारी ऐनको दफा १२५ को उपदफा (१) र (२) तथा स्थानिय सहकारी ऐनको दफा ८१ वमोजिम गरिने जरिवाना सम्वन्धी व्यवस्था कार्यान्वयनका लागि टीकापुर नगरपालिकाको आर्थिक विकास शाखाले समिति मातहत सहकारी व्यवसाय प्रवर्द्धन समितिले मन्त्रालयको स्वीकृति मा कार्यविधि वनाई कार्यान्वयन गर्नु पर्नेछ। यस्तो कार्यविधिमा सहकारी संस्थाको सदस्यता,

कारोबारको आकार, भौगोलिक अवस्था, व्यवस्थापन क्षमता समेतलाई आधारमानी वस्तुपरक मापदण्ड सहित जरिवानाको रकम किटान गर्नु पर्नेछ ।

५२. अनुसूचीमा हेरफेर गर्न सक्ने: संघिय वा प्रदेश सरकारले आवश्यकता अनुसार राजपत्र प्रकाशन गरी थपघट वा हेरफेर गरेका अनुसूचीहरू सोहीनुसार कार्यान्वयन गर्नु पर्ने प्रत्येक संस्थाहरुको दायित्व हुनेछ ।

५३. व्याख्या गर्ने अधिकार: यस नियमको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा नियमको भावना र मर्मको प्रतिकूल नहुने गरी टीकापुर नगरपालिकाको कार्यापालिकाले व्याख्या गर्नेछ ।

५४. खारेजी र बचाउ:

(१) सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ संघिय सरकारले खारेजी गरेको छ ।

(२) सहकारी संघ वा संस्थाहरुलाई उपलब्ध गराइने अनुदान एवं भन्सार महशुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८ संघिय सरकारले खारेज गरेको छ ।

(३) सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ वमोजिम भए गरेका कारोवार, व्यवसाय, उद्योग, परियोजना र कार्यक्रमहरु सम्पूर्ण यसै नियमावली वमोजिम भए गरेको मानिनेछ ।

(४) सहकारी संध, संस्थालाई उपलब्ध गराइएको अनुदान एवं भन्सार महशुलमा छुट सुविधा सिफारिस सम्वन्धी कार्यविधि, २०६८ वमोजिम भए गरेका कामकारवाही सम्पूर्ण यसै नियमावली वमोजिम भए गरेको मानिनेछ ।

(५) संघिय सहकारी नियमावली र प्रादेशिक सहकारी नियमावली संग वाझिएको नियम तथा उपनियमहरु सोही वमोजिम लागु हुनेछ ।

## अनुसूची– १
## नियम ४ को उपनियम (१) संग सम्बन्धित
## दर्ता दरखास्तको नमूना

मिति : २०....।.....।....

श्री दर्ता गर्ने अधिकारीज्यू,
सहकारी शाखा, टीकापुर नगरपालिका,
सुदूरपश्चिम प्रदेश, कैलाली, नेपाल ।

विषय : सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं ।

संस्था सम्बन्धी विवरण :

(क) प्रस्तावित संस्थाको नाम :-
(ख) ठेगाना :-
(ग) उद्देश्य :-
(घ) मुख्य कार्य :-
(ङ) कार्यक्षेत्र :-
(च) दायित्व :-
(छ) सदस्य सङ्ख्या :-
(१) महिला ...... जना
(२) पुरुष ...... जना
(ज) प्राप्त शेयर पूँजीको रकम :– रु. ......
(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु. ......

आवेदकहरुको तर्फबाट-
नाम :
हस्ताक्षर :
पद : तदर्थ संचालक समितिका अध्यक्ष
(प्रस्तावित ........................सहकारी संस्था लिमिटेड)

## अनुसूची २

### नियम ४ को उपनियम (२) संग सम्बन्धित)

### सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

१. परिचय :
२. संस्था गठन गर्नुपर्नाको कारण :
३. सदस्यताको जनसाङ्ख्यिक आधार :
४. सहभागिताको औचित्य :
५. व्यावसायिक सम्भाव्यता :
 ५.१. सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमानः
 ५.२. सदस्यहरूको संरक्षण (Patronage)सुनिश्चित गर्ने आधारहरू:
 ५.३. कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण :
 ६. पूँजी आवश्यकता र स्रोत :
 ६.१ आवश्यकताको अनुमान :
 ६.२ स्रोत :
 ६.३ पूँजी परिचालनका तर्कसम्मत आधारहरू :
७. बजार विश्लेषण :
 ७.१ नजिकको बजार :
 ७.२ टाढाको बजार :
 ७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू :
८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य :
९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण :
१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू :
११. जनशक्ति व्यवस्था :
१२. संस्थाको विकास र स्थायित्वका आधारहरू :

(द्रष्टव्य : प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरु १/१ प्रति पेश गर्नु पर्नेछ ।)

अनुसूची ४
(नियम ४ को उपनियम (१) संग सम्बन्धित)
आवेदकहरूको विवरण फाराम

| | | | | | | | शेयरधनी बिना स्वीकार गरेको फोरमको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्निको नाम,थर | आवेदकको नाम थर | उमेर | ठेगाना | पेशा | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | सम्पर्क नं. | आवेदकको दस्तखत | औंठाको छाप | फोटो र फोटोमा पर्ने गरी सही |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |

(द्रष्टव्य : हरेक पृष्ठको पुछारमा तदर्थ संचालक समितिका अध्यक्षले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ ।)

## अनुसूची ४
### (नियम ४ उपनियम (३)सँग सम्वन्धित)
### व्यावसायिक कार्ययोजनाको ढांचा

संस्था/संघको नाम :-

ठेगाना :- टीकापुर नगरपालिका वडा नं. ..... टोल : ............... कैलाली, सुदूरपश्चिम प्रदेश ।

क. उद्देश्य:-

१. .............. ................ ............... .................

२. .............. ................ ............... .................

३. .............. ................ ............... .................

ख. कार्यहरू:-

१. .............. ................ ............... .................

२. .............. ................ ............... .................

३. .............. ................ ............... .................

ग. आगामी ३ वर्ष पछिको अवस्था प्रक्षेपण:

१. सदस्यता विस्तार लक्ष्य:

| क.सं. | विवरण | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सदस्य संख्या: | | | | | |
| | १. | महिला | | | | |
| | २. | पुरुष | | | | |
| | जम्मा | | | | | |
| २ | सदस्य संख्या प्रतिशतमा | | | | | |
| | १. | दलित | | | | |
| | २. | अल्पसंख्यक | | | | |
| | ३ | जनजाती | | | | |
| | ४ | व्राम्हण, क्षेत्री | | | | |
| | ५ | अन्य | | | | |
| | जम्मा | | | | | |

२. व्यवसायिक सेवा बिस्तार लक्ष्य:

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको उत्पादन खरिद | | | | |
| परिणाम | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई वस्तु वा सेवा बिक्रि | | | | |
| परिमाण (.................) | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई रोजगारीको सृजना प्रत्यक्ष पूर्णकालिन (.......जना)<br>अप्रत्यक्ष पूर्णकालिन वर्षमा २०८० घण्टाको १ जनाको हिसावमा जम्मा (......जना) | | | | |
| सदस्यलाई ऋण सेवा (वार्षिक) रकम रु. (......जना) | | | | |
| सदस्यलाई वचत सेवा (वार्षिक) रकम रु. (....जना) | | | | |

३. सहकारी गतिविधि विस्तार लक्ष्य:

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको शिक्षा (वार्षिक जना) खरिद | | | | |
| टोल उपक्षेत्रिय सदस्य बैठकहरु आयोजना वार्षिक पटक: | | | | |
| समुदायिक विकासका योजनाहरु पटक: | | | | |

४. पुँजीको श्रोत र उपयोग:

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| स्थिर पूँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर, आदि: | | | | |
| चालु पूँजीतर्फ (मौज्दात मालसामान, उधारो, बिक्री, नगद मौज्दात आदि: | | | | |
| ऋण तर्फ: | | | | |
| जम्मा: | | | | |
| श्रोत: | | | | |
| शेयर पूँजी: | | | | |
| जगेडा कोष: | | | | |
| अन्य: | | | | |
| सदस्यको बचत ( सदस्यहरुलाई ऋण | | | | |
| दिन मात्र) | | | | |

ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

१. सञ्चालक समितिको जिम्मेवारी:....

२. टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी:......

३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी:.....

४. व्यवस्थापन कर्मचारीको जिम्मेवारी:......

च. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पार्ने प्रभावका सूचकहरु:

छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि:

(द्रष्टव्य : तदर्थ संचालक समितिका पदाधिकारीहरुले प्रत्येक पृष्ठमा हस्ताक्षर गरेको प्रस्तावित संस्थाको २ प्रति कार्ययोजना पेश गर्नु पर्नेछ ।)

## अनुसूची ५

### नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

### शेयर रकमको भर्पाईको नमूना

भर्पाई दादै प्रस्तावित .................. सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ........ श्री ...........................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको......... प्रारम्भिक भेलाको मिति.............को निर्णय बमोजिम प्रति शेयर रु...........।- का दरले ......... जनाबाट जम्मा ............. कित्ताको हुन आउने जम्मा रकम रु.......... (अक्षरुपि .................. मात्र) र प्रवेश शुल्क प्रति व्यक्ति रु...........।- का दरले हुन आउने रु..........।- (अक्षरुपि....................मात्र) गरी जम्मा रु..........।- (अक्षरुपि....................मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सही छाप टीकापुर नगरपालिकाको कार्यालयमा पेश गरेको छु। प्राप्त रकम हाल मैले (मेरो नाममा रहेको ............. बैंक लि. को ........ हिसाब नं.................... मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु। उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु। फरक परेमा कानून बमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ। इति संवत् २०..... साल.........

## अनुसूची ६
### नियम ४ को उपनियम (३) सँग सम्बन्धित
### तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

| स. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्निको नाम,थर | संचालकको नाम थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधी | औंठा छाप | सही | हालसालै खिचिएको फोटो र फोटोमा पर्ने | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |

## अनुसूची ७
### (नियम ४ को उपनियम (३) संग सम्बन्धित)
### स्व-घोषणा-पत्रको नमुना

प्रस्तावित श्री ............................ सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानूनसम्मत सहकारी संस्था स्थापना गरी आफनो आर्थिक र सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लेखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं:-

**हामी आवेदकहरू कोही पनि:-**

१. यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,
२. बैंक, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/राष्ट्रिय सहकारी बैंकको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति छैनौं,
३. यस अघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारवाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं,
४. सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं ।
५. अन्य सहकारी संस्थाको संचालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीको रुपमा आवद्ध नभएको,
६. सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफनो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त व्यहोरा ठीक, साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने:-

| सि. नं. | पद | सदस्यको नाम,थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना | सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(द्रष्टव्य:- आवेदक सबै शेयर सदस्यहरुको नामावली अभिलेखन गरी दस्तखत गराउनु पर्नेछ ।)

अनुसूची ८
(नियम ४ को उपनियम (३) संग सम्बन्धित)
अधिकार प्रत्यायोजन पत्रको नमूना

मिति: २०.....।.......।

श्री दर्ता गर्ने अधिकारीज्यू,
सहकारी शाखा, टीकापुर नगरपालिका,
टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश ।

विषय:- अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित........................ सहकारी संस्था लि. को मिति २०......।......।...... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम-कारवाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका तपसिलमा उल्लेखित पदाधिकारीहरुलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गरिन्छ । निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामीले मञ्जुर गर्दछौ ।

अधिकार प्रत्यायोजन गरिएका पदाधिकारीहरु:

| सि.नं. | पद | सदस्यको नाम,थर | ठेगाना |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

अधिकार प्रत्यायोजन गर्ने शेयर सदस्यहरुको नाम, थर, ठेगाना र सहीछाप

| सि.नं. | पद | नाम,थर | ठेगाना |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

(द्रष्टव्य:- अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गरी सबै आवेदकहरुले दस्तखत गर्नुपर्नेछ ।)

## अनुसूची ९
## (नियम १३ संग सम्बन्धित)
## विनियममा उल्लेख गर्नुपर्ने विषयहरू:-

प्रस्तावना:
(१) संक्षिप्त नाम र प्रारम्भ,
(२) संस्थाको नाम र ठेगाना,
(३) परिभाषा,
(४) उद्देश्य,
(३) कार्य,
(६) कार्यक्षेत्र,
(७) संस्थाको सदस्य,
(८) सदस्यताको योग्यता,
(९) सदस्यताका लागि निवेदन र प्राप्ति,
(१०) सदस्यताको अन्त्य,
(११) सदस्यको निष्कासन,
(१२) सदस्यताबाट राजीनामा,
(१३) पुन: सदस्यता,
(१४) सदस्यको काम, कर्तव्य र अधिकार,
(१५) सदस्यता खुला रहने,
(१६) सदस्यता प्राप्ति, पुन प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने,
(१७) सेयर पुंजी,
(१८) सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने,
(१९)थप सेयर खरिद गर्न सक्ने,
(२०) सेयर फिर्ता वा हस्तान्तरण,
(२१) प्रवेश शुल्क,
(२२) कृत्रिम छेकबार नलगाइने,
(२३) सेयर प्रमाण-पत्र,
(२४) सदस्यको दायित्व सीमित हुने,
(२५) प्रारम्भिक साधारण सभा,
(२६) वार्षिक साधारण सभा,
(२७) विशेष साधारण सभा,
(२८) साधारण सभाको बैठक,
(२९) साधारण सभाको काम, कर्तव्य र अधिकार,
(३०) साधारण सभाको निर्णय अनिवार्य हुने,
(३१) टोल/उपक्षेत्रीय बैठक,
(३२) सञ्चालक समिति,
(३३) समितिको बैठक,

(३४) समितिको काम, कर्तव्य र अधिकार,
(३५) लेखा सुपरिवेक्षण समिति,
(३६) उत्तरदायित्व शृखला,
(३७) अध्यक्षको काम, कर्तव्य र अधिकार,
(३८) व्यवस्थापकको नियुक्ति,
(३९) व्यवस्थापकको काम, कर्तव्य र अधिकार,
(४०) विशेष जिम्मेवारी,
(४१) कर्मचारीको नियुक्ति तथा सेवाका सर्त,
(४२) संस्थाको कोष,
(४३) कोषको सुरक्षा,
(४४) कोषको उपयोग,
(४५) जगेडा कोष,
(४६) संरक्षित पुँजी फिर्ता कोष,
(४७) लाभांश वितरण नगरिने,
(४८) जगेडा कोषमा रकम सार्नुपर्ने,
(४९) बचत सङ्कलन गर्न सक्ने/नसक्ने,
(५०) बचत सङ्कलनमा सीमा,
(५१) ऋण दिन सक्ने,
(५२) ऋण प्रवाहमा सीमा,
(५३) ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने,
(५४) साधारण सभाको स्वीकृति लिनुपर्ने,
(५५) सदस्य केन्द्रीयता,
(५६) स्वार्थ बाझिने निर्णयमा सहभागिताको प्रतिबन्ध,
(५७) कर्मचारी संगको कारोबारमा निर्बन्धन,
(५८) जोखिम मूल्याङ्कन,
(५९) कारोबार नगरिने,
(६०) कारोबारको लेखा,
(६१) खाताबही,
(६२) आन्तरिक हिसाब जाँच,
(६३) वार्षिक हिसाब जाँच,
(६४) विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने,
(६५) अन्य आधारभूत कागजात,
(६६) एकीकृत सूचना प्रणालीमा आवद्धता,
(६७) दर्ता अधिकारीवा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन,
(६८) वित्तीय जानकारी एकाइमा प्रतिवेदन,
(६९) साधारण सभामा जानकारी गराउनुपर्ने,
(७०) हकवालाको मनोनयन,

(७१) हक दाबी वा नामसारी,
(७२) निर्वाचन,
(७३) शपथ ग्रहण,
(७४) एकीकरण वा विभाजन,
(७५) कार्यान्वयन अधिकारी,
(७६) मध्यस्थता,
(७७) समानता र समता,
(७८) विनियम संशोधन,
(७९) साधारण सभाले कार्यविधि बनाउन सक्ने,
(८०) व्याख्या गर्ने अधिकार,
(८१) ऐन, नियमावलीसंग बाझिएकोमा अमान्य हुने ।

**अनुसूची १०**
**(नियम ७ संग सम्बन्धित)**
**दर्ताको प्रमाण -पत्र**
**अनुसूची २**
**टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं.

टीकापुर नगरपालिका सहकारी ऐन, २०७५ को दफा ६ (१) बमोजिम श्री.................... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियमसहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

वर्गीकरण:..............................
दर्ता गरेको मिति:...................
दस्तखत:
दर्ता गर्ने अधिकारीको नाम, थर:
दर्ता गर्ने अधिकारीको पद:
कार्यालयको छाप:
प्रमाणिकरण मिति: २०........................

आज्ञाले,
मोहन प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगर कार्यपालिकाको कार्यालय